
annapurnapost.com
# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक १२६ पृष्ठ ८ | काठमाडौं, मंगलबार १७ भदौ २०८२ | भाद्र शुक्लपक्ष दशमी नेपाल संवत् ११४५ | TUESDAY, SEPTEMBER 2, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# दलदलमा मधेसका साना दल




क्षेत्रीय राजनीति र पहिचानको सबाललाई प्रमुख मुद्दा बनाएर राजनीति सुरु गरेका दर्जनौं साना दलहरूलाई संघीयता कार्यान्वयनको १० वर्षमै आफ्नो अस्तित्व जोगाउन धौ-धौ परेको छ। विशेषगरी मधेसवादको नारा लिएर स्थापित भएका मधेसका दलहरूले सत्तालोलुपताकै कारण निर्वाचनमा ठूलो हार व्यहोर्दै पुनः मधेसलाई ठूला दलकै पोल्टामा पारेका छन्।

समाचार पृष्ठ २

**मनिका झा** | *जनकपुरधाम*

**– को रिपोर्ट**



# चलखेलमा अल्झियो निजामती विधेयक



## सरकार भन्छ : ५९ वर्ष
## सदन भन्छ : ५८ वर्ष

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

सरकार र सदनबीच अवकाशको उमेरहद लागू गर्दा ५८ कि ५९ वर्ष भन्ने विषयमा विवाद भएको छ। कर्मचारी उमेरहदका विषयमा विवाद रहँदा संघीय निजामती सेवा विधेयक तोकिएको मितिमा राष्ट्रियसभाले पास गर्न सकेन।

अवकाशको उमेरहद लागू हुने वर्षमा भएको चलखेलले निजामती विधेयक अल्झिएको छ। राष्ट्रियसभाको विधायन व्यवस्थापन समितिले आइतबार नै टुंगोमा पुर्‍याएर प्रतिवेदन लेखन कार्य गरी सोमबार नै संघीय निजामती सेवा विधेयक राष्ट्रिय सभाबाट पारित गर्ने कार्यसूची थियो। तर, संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री भगवती न्यौपानेले चालु आर्थिक वर्षबाट ५९ वर्ष अवकाशको उमेरहदको व्यवस्था लागू गर्ने प्रस्ताव राखेपछि विधेयक टुंगोमा पुग्न नसकेको हो।

सांसदहरूले ५८ वर्षबाटै लागू हुनुपर्ने अडान राखेपछि विवाद आएर प्रतिवेदन लेखन कार्य हुन नसकेको हो। प्रतिनिधिसभाबाट पारित भएको व्यवस्थाअनुसार यो चरणबद्ध रूपले लागू हुनेछ। विधेयक पारित भएको आर्थिक वर्षमा ५८ वर्षमा नै अवकाश हुने, दोस्रो वर्ष ५९ वर्षमा र तेस्रो वर्षदेखि ६० वर्षमा अवकाश हुने गरी नयाँ व्यवस्था गरिएको छ। तर, मन्त्री न्यौपानेले विधेयक पारित भएको वर्ष ५९ र दोस्रो वर्ष ६० बनाउने प्रस्ताव गरेकी छन्।

सरकारले अघिल्लो वर्षलाई केन्द्रित गरेर ५८ वर्ष आएको जिकिर गरेको छ। असारसम्म विधेयक पास भएको भए ५८ वर्षबाटै लागू हुने तर अघिल्लो आर्थिक वर्ष सकिएर नयाँ आर्थिक वर्ष सुरु भएकाले अब ५९ वर्ष लागू हुनुपर्ने सरकारको अडान छ। अब निजामती कर्मचारीको अवकाशको उमेरहद भने ६० वर्ष नै हुनेछ। चालु निजामती सेवा ऐनमा कर्मचारीको अवकाश उमेरहद ५८ वर्ष छ। नेपाली कांग्रेसका प्रमुख सचेतक कृष्णप्रसाद रोकायले उमेदहद लागू गर्ने विषयका कारणले अडकएको बताए। उनले भने, 'अवकाशको उमेरहदको विषयको कारणले रोकिएको हो, अरू सबै विषय त मिलिसकेको छ।' सरकारको प्रस्ताव (५९ वर्ष) लागू भएमा मुख्यसचिव लगायतका ठूलो संख्यामा कर्मचारीको एक वर्ष जागिर लम्बिनेछ।

बाँकी पृष्ठ ६

## अफगानिस्तानमा भूकम्प, ८०० बढीको मृत्यु

**काबुल** (एजेन्सी) : पूर्वी अफगानिस्तानमा गएको भूकम्पमा परी ८०० भन्दा बढीको ज्यान गएको छ। ६.० म्याग्निच्युडको उक्त भूकम्प ८ किलोमिटर (५ माइल) को गहिराइमा गएको थियो। यस्तो भूकम्प बढी विनाशकारी हुने गर्छ। यसले काबुलदेखि पाकिस्तानको राजधानी इस्लामाबादसम्मका भवनहरूलाई हल्लाएको एक प्रारम्भिक रिपोर्टमा संयुक्त राष्ट्रसंघको मानवीय सहायत एजेन्सीले जनाएको छ।

दुर्गम क्षेत्रहरूमा क्षतिको आकलन गर्न गाह्रो भइरहेको जनाइएको छ। हेलिकप्टरबाट पुग्न गाह्रो हुने क्षेत्रहरूबाट मानिसलाई उद्धार गर्ने प्रयास भइरहेको जनाइएको छ।

मानिस भग्नावशेषमुनि फसेको आशंका गरिएको छ। यसैबीच त्यहाँका अधिकारीहरूले सम्पूर्ण गाउँहरू ध्वस्त भएको जनाएका छन्। प्रत्यक्षदर्शीले सम्पूर्ण गाउँहरू भग्नावशेषमा परिणत भएको बताएका छन्। अफगानिस्तानको कुनार र नान्गारहार प्रान्तमा गएको भूकम्पले गरेको जनधनको क्षतिप्रति अन्तर्राष्ट्रिय समुदायले पनि चिन्ता व्यक्त गरेका छन्।

# 'जीएसआईमा नेपालले समर्थन गरेको छैन'

## जीएसआईमा चीनले राखेको एकतर्फी प्रस्तावको चर्चा

**राधा खनाल** | *काठमाडौं*



सांघाई सहयोग संगठन (एससीओ) प्लसको शिखर सम्मेलनका क्रममा चीनको तियानजिनमा रहेका प्रधानमन्त्री केपी शर्मा ओली र चिनियाँ राष्ट्रपति सी चिनफिङबीच यही भदौ १४ गते भेटवार्ता भएको थियो। चीनको रणनीतिक अवधारणा ग्लोबल सेक्युरिटी इनिसिएटिभ 'जीएसआई' लाई नेपालले समर्थन गरेको भनेर दाबी गर्दै चीनले एकतर्फी विज्ञप्ति निकालेपछि यो विषयमा चर्चा र विरोधका स्वर सुनिएका छन्।

यस सम्बन्धमा प्रधानमन्त्रीसँगै चीन भ्रमणमा रहेका प्रधानमन्त्रीका आर्थिक तथा विकास सल्लाहकार डा. युवराज खतिवडाले जीएसआईको विषयमा गलत प्रचार गरिएको बताएका छन्। यस विषयमा खतिवडाले भने, 'प्रधानमन्त्री ओलीको अहिलेको चीन भ्रमण मूलतः सांघाई सहयोग संगठन (एससीओ) प्लसको शिखर सम्मेलनका लागि हो। सामान्यतः यस्ता सम्मेलनका साइडलाइन वार्तामा कुनै सहमति र समझदारीमा हस्ताक्षर हुँदैन र गरिएको छैन। सहमति नै नभएको विषयमा नेपाल जीएसआईको पक्ष बन्यो भनेर गलत ढंगले प्रचार गरिनु बिल्कुलै गलत छ।'

बाँकी पृष्ठ ३

# श्रीमान्‌को मृत्युको खबर सुनेको ३ दिनमै श्रीमतीको मृत्यु

## आमाबुवा गुमाएपछि बेसहरा ३ छोरी

**हरिबहादुर लम्जेल** | *धनकुटा*


डम्बरबहादुर र विद्या मगरका तीन छोरी। ● तस्बिर सौजन्य : विमला थापा

महालक्ष्मी नगरपालिका-१ कटहरे, सिप्रिङ गाउँ यतिवेला शोकमा डुबेको छ। गाउँमा एक परिवारका सदस्यले आफ्ना अभिभावक गुमाएपछि उनीहरूका सन्तान मात्रै होइन, पूरै गाउँ शोकमा डुबेको छ।

महालक्ष्मी नगरपालिका केन्द्र जितपुर बजारबाट ढोडे हुँदै सिप्रिङ पुगिन्छ। बीचमा लक्ष्मी खोला बग्छ। पारि सिप्रिङ गाउँ छ भने वारि ढोडे। सिप्रिङ गाउँमा १७ घर छन्। ती सबै घर मगर समुदायका हुन्। सोही गाउँमा डम्बरबहादुर मगर र विद्या मगरको परिवार बसोबास गर्दै आइरहेका थिए।

सिप्रिङ गाउँका ४२ वर्षीय डम्बरबहादुर मगरको वैदेशिक रोजगारीको सिलसिलामा कुवेतमा रहेका बेला गत भदौ ३ गते मृत्यु भयो।

डम्बरबहादुरको मृत्यु भएको खबर पाएको तीन दिन नबित्दै भदौ ७ गते उनकी श्रीमती विद्या मगरको पनि मृत्यु भयो। करिब तीन दिनको अन्तरालमा श्रीमान् डम्बरबहादुर र श्रीमती विद्याको मृत्यु भयो। परिवारका सदस्यले विद्याको काजकिरिया गरे पनि डम्बरबहादुर शव कुवेतमा नै रहेका कारण काजकिरिया भएको छैन। आमाको काजकिरिया गरिसकेका परिवारका सदस्य कहिले बुबाको शव आउँला र काजकिरिया गर्न पाइएला भन्ने पर्खाइमा छन्।

अभिभावक गुमाएपछि तीन छोरी अहिले बेसहरा बनेका छन्। उनीहरूका जेठी छोरी १६ वर्षकी विपना मगर, १५ वर्षकी सञ्जु मगर र २ वर्षकी संयुक्ता मगर हुन्। बुबा डम्बरबहादुर विदेश गएपछि २ वर्षकी छोरी संयुक्ता र आमा विद्या मात्रै घर बस्थे। उनीहरूका दुई छोरी विपिना र सञ्जु अध्ययनका लागि धनकुटा सदरमुकाम बसेका थिए। दुई छोरी प्लस टु पढ्ने भएका छन्। कान्छी छोरी दुई वर्षकी छिन्। दुई वर्षको छोरी देख्दा जोकोहीको आँखा रसाउँछ। सानी छोरीलाई बुबाआमा गुमाएको पत्तै छैन।

बाँकी पृष्ठ ६

